# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा, बागमती प्रदेश, नेपाल

## सूचना प्रकाशनका लागि प्रस्ताव आव्हान गरिएको सूचना

**सूचना प्रकाशित मितिः २०८२।०३।२६**

१. यस कार्यालयबाट प्रकाशित हुने सूचना र विज्ञापन राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने भएकोले मिति २०८२।०४।०८ गते भित्र प्रस्तावपत्र फाराम दस्तुर रु. १०००।– अक्षेरेपि एक हजार मात्र यस कार्यालयको लक्ष्मी सनराईज बैङ्क जफे शाखामा आन्तरिक राजस्व खाता नं. १२७०३०००१४२ मा जम्मा गरी देहायको कागजातहरू संलग्न गरी दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरूलाई यो सूचना प्रकाशित गरिएको छ । प्रस्तावपत्र फाराम तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय, जफे दोलखाबाट प्राप्त गर्न सकिने छ साथै गाउँपालिकाको वेबसाइट www.tamakoshimun.gov.np बाट पनि डाउनलोड गर्न सकिनेछ।

देहायः

प्रकाशन सम्बन्धी प्रस्तावपत्र पेश गर्नका लागि

क) चालू आ.व./पछिल्लो आ.व. को नवीकरण गरिएको फर्म दर्ता प्रमाणपत्र

ख) आयकर दर्ता तथा मु. अ. कर दर्ता प्रमाणपत्र

ग) पछिल्लो आ.व. को करचुक्ता प्रमाणपत्र

घ) प्रस्तावनापत्र तथा निवेदन

२. आ.व. २०८२।०८३ को (प्रस्तावपत्र स्वीकृत भएपश्चात देखि) लागि एक द्वार प्रणाली (one door system) मार्फत राष्ट्रिय दैनिक पत्रिकाको भित्री सादा पृष्ठमा प्रकाशन हुने सूचनाको न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीहरूलाई यो सूचना प्रकाशित गरिएको छ ।

३. प्रस्तावपत्र फाराममा राष्ट्रिय दैनिकको भित्री पृष्टमा प्रकाशित हुने सूचना प्रति सि.सि न्यूनतम दररेटमा प्रकाशित गर्न इच्छुक संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीको प्रस्तावपत्र स्वीकृत गरिने छ । दफा २ मा उल्लेखित प्रत्येक राष्ट्रिय पत्रिकामा सुचना प्रकाशित गर्दा लाग्ने प्रति सि.सि रकम छुटाछुट्टै उल्लेख गरी अनुसूची -१ बमोजिम शिलबन्दी फाराम दर्ता गर्नु पर्नेछ ।

४. प्रस्तावपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कोको नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

५. प्रस्तावपत्र खोलिने दिन मिति २०८२।०४।०८ गते दिनको १२ बजे भित्र आफै खरिद गरेको प्रस्तावपत्र रीतपुर्वक भरी शिलबन्दी गरि यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका प्रस्तावहरू सोही दिनको १४:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । प्रस्तावपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति नभए पनि शिलबन्दी प्रस्तावपत्र खोल्न बाधा पर्नेछैन । प्रस्तावपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

६. प्रस्तावपत्र पुर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० (ङ) अनुसार प्रस्तावपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषण भएको कागजात प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

८. एक आपसमा मिलेमतो गरी प्रस्तावपत्र दाखिला गरेको पाईएमा त्यस्तो प्रस्ताव स्वीकृत गरिने छैन ।

९. प्रस्तावपत्रको प्रत्येक पानामा प्रस्तावदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रूपमा लागेको हुनु पर्नेछ । साथै प्रस्तावदाताले पेश गर्ने प्रमाणपत्रहरू नवीकरण भएको हुनुपर्ने छ ।

१०. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ । विस्तृत जानकारीको लागि तामाकोशी गाँउपालिकाको कार्यालय, जफे, दोलखामा कार्यालय समय भित्र सूचना प्रविधि शाखामा सम्पर्क राख्न सकिनेछ ।

तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा, बागमती प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र फाराम -प्रकाशन (अनुसूची -१)

| सि.नं. | राष्ट्रिय स्तरबाट प्रकाशित हुने राष्ट्रिय दैनिकको नाम | कबोल दर प्रति सि. सि. अंकमा (रु) | कबोल दर प्रति सि. सि. अक्षरमा (रु) | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

संचार प्रतिष्ठान, फर्म, कम्पनी तथा विज्ञापन एजेन्सीको नामः-

ठेगानाः-

दस्तखतः-

छापः-